त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लुहाम, सल्यान

पत्र संख्याः २०७९/०८०

कर्णाली प्रदेश नेपाल

च.न.

## पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालनका लागि प्रस्तावना आब्हान गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७९/१०/१५)

प्रस्तुत विषयमा, महिला, बालबालिका र किशोर किशोरीहरुमा विद्यमान रहेको कुपोषणलाई दीगो विकासको लक्ष्य अनुरुप कुपोषणको समस्यालाई समाधान गर्न र यसका विभिन्न कारकतत्वलाई बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका मातृशिशुको पोषण अवस्थामा सुधार ल्याउन "महिला सहकारी वा समुहलाई आयआर्जनका लागि अनुदान प्रदान गर्ने उदेश्य अनुरुप महिला सहकारी वा समुहमा बहुक्षेत्रिय पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालन कार्यविधी २०७७" अनुसार आयमुलक कार्यक्रम सञ्चालन गर्न ईच्छुक महिला सहकारी वा महिला समुहले अनुदानका लागि मिति २०७९/०९/०७ गते प्रथम पटक प्रस्तावना सम्बन्धी १५ दिने सूचना प्रकाशित गरिएकोमा सो सूचना अवधि भित्र एक मात्र प्रस्तावना दर्ता हुन आएकोले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७९/१०/२१ गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका आवश्यक कागजात सहित प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

१. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तहमा कार्यक्षेत्र भएको र महिला समुहको हकमा सम्बन्धित पालिकाका दर्ता भएको,

२. सहकारी संस्थाको स्थायी लेखा नंम्बर र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

३. आर्थिक वर्ष २०७८/०७९को कर चुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदन,

४. कार्यविधिको दफा ५ को उपदफा २संग सम्बन्धित अनुसुची १ अनुसारको प्रस्ताव,

५. कार्यविधिको दफा ११ बमोजिम अनुसुची ४ अनुसारको ब्यबसायीक योजना,

६. २५ जना सम्म विपन्त्र महिलालाई अनुदान प्रदान गर्नुपर्ने हुदाँ महिला सहकारी वा समुहमा २५ जना महिला अनिवार्य सदस्य रहेको हुनुपर्ने छ । साथै निवेदनको साथमा नागरिकताको प्रतिलिपि हुनुपर्ने छ ।

७. बैठकको निर्णय र प्रतिबद्धतापत्र,

८. साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपि,

९. सम्बन्धित वडा कार्यालको सिफारिस अनिवार्य हुनुपर्ने छ।

२०७९/१०/१५

(राम बहादुर बुढा)
प्रमुख प्रशासकी अधिकृत



CamScanner

अनुसूची -१

दफा ५ को उपदफा २ सँग सम्बन्धित

प्रस्तावको ढाँचा

सहकारी वा समूहको नाम:

ठेगाना:

दर्ता भएको मिति: दर्ता भएको कार्यालय: दर्ता नं

सहकारी वा समुहको कार्यक्षेत्र:

सहकारी वा समुहको कार्य प्रकृति:

सहकारी वा समुह सदस्य संख्या:

सहकारी वा समुहको गत ३ आर्थिक बर्षको आय र व्याय विवरण:


सहकारी वा समुहको कार्यक्षेत्र भित्रका जनसांख्यखिक विवरण:

सहकारी वा समुहको कार्यक्षेत्र भित्रका खाद्य सुरक्षाको अवस्था विवरण:

अनुदानबाट लाभ पाउने अनुमानित विवरण:

| क्र.स | लगानीको क्षेत्र | संख्या | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | तरकारी खेती | जनजाति | दलित | मुस्लिम | अन्य | |
| २ | वाख्रापालन | | | | | |
| ३ | जडीवुटी उत्पादन प्रशोधन | | | | | |
| ४ | स्थानीय खादय उत्पादन प्रशोधन | | | | | |
| ५ | कुखुरा पालन | | | | | |
| ६ | अन्य | | | | | |
| जम्मा | | | | | | |

प्रस्तावित वजेट:



हस्ताक्षर:

नाम:

CamScanner